# १० प्रेमाभावबाट जिज्ञासा मेटाउनु

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* १ यूहन्ना ४:१८,१९, रोमी ३:१९,२०, यूहन्ना १५:१३, रोमी ५:६-८, यूहन्ना ६:२८,२९।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* " 'यदि तिमीहरूले मलाई प्रेम गर्दछौ भने, मेरा आज्ञाहरू पालन गर।'" (यूहन्ना १४:१५ रूपान्तरित)

**<u>मूल सोच:</u>** मानिसहरूलाई ख्रीष्टतिर मन फर्काउन हामी काम गर्नुपर्दछ। तर हामी सबैको निम्ति एउटा प्रश्न धरोहर भएर खडा भइरहेको छ, त्यो हो त्यो काम हामीबाट कसरी गरिन्छ?

**आजको मूल पदमा दश आज्ञाहरूको बारेमा येशू बोल्नुभएको पाउँछौं।** तर त्यो बाहेक अरू आज्ञाहरू वा नितिनिर्देशनहरू छन्। ती मध्ये एउटा छ "सारा संसारमा गएर चेला अर्थात् येशूभक्तहरू बनाउनुपर्दछ।" (मत्ती २८:१९,२० रूपान्तरित)।

धर्म कमाउन, दोषलाई लुकाउन वा परमेश्वरप्रति ऋणी भएर प्रचार गर्ने होइन, न त गवाही दिनु हो। तर हामीमा भएको परमेश्वरको अनुग्रहको कारण गवाहीसाथ सुसमाचार प्रचार गर्नुपर्दछ। प्रत्येक व्यक्तिले मानिस भएको कारणले जे जति काम गर्छन् त्यसको कारण हुन्छ भन्ने कुरा जान्न मनोवैज्ञानिक हुन आवश्यक छैन। गवाही दिने र सुसमाचार प्रचार गर्ने कार्यक्रममा पनि यो कुरा हामीलाई लागु हुन्छ भन्ने दुईमत छैन। ती काम हामी किन गर्छौं भनेर हामीले हामीलाई न सोध्दा हाम्रो नियतलाई हामीले नै पत्ता लगाउन सक्दछौं। गवाही दिने र सुसमाचार प्रचार गर्ने चर्चको योजनामा हामी किन सहभागी हुन्छौं त?

परमेश्वरको कामको निम्ति हामी किन संलघ्न हुन्छौं भन्ने ठीक वा सही कारण यस अध्यायमा हामी अध्ययन गर्नेछौं। लज्जित वा दोषमुक्त हुने कारणले सुसमाचार प्रचार गर्ने नियतमा कस्तो खतराहरू हुन्छ भन्ने ज्ञान पनि यस अध्यायमा हामी हेर्नेछौं। परमेश्वरले हामीलाई मुक्तिको बरदान दिनुभएकोले उहाँको प्रेमको प्रत्युत्तरमा सुसमाचार प्रचार गर्छौं र गवाही दिन्छौं। हामी जे गर्छौं त्यो उहाँप्रति प्रेम देखाउने ठोस चाहना नै मूल कारण हो भनेर हामी अध्ययन गर्नेछौं।

## १. प्रेमको झिल्काले सक्रिय हुनु (१ यूहन्ना ४:१८,१९)

लामो समयसम्म विश्वासीहरूलाई चर्चको क्रियाकलापमा संलघ्न हुन उत्साहित बनाएर राख्नु किन कठिन रहेछ भन्ने कुरा तपाईंले कहिलै सोच्नुभएको छ? शायद त्यसको जवाफ त्यस परिस्थितिले दिँदछ होला जसले मानिसहरूले केहि गर्न असल कारणहरू देख्दछन्। आफ्ना छोरा वा छोरीको ज्यान बचाउन मृगौला दिन आमाबाबु किन तयार हुन्छन्? छोराछोरीहरूले राम्ररी पढुन् भनेर किन आमाबाबुले धेरै धन खर्च गर्दछन्? यदि छोराछोरीहरूलाई पढाएन वा ज्यान बचाएन भने आफू अपराधी हुने मनस्थितिले पिरोल्ने भएकोले ती काम गरेका हुन् त? के छोराछोरीहरूप्रति ऋणी भएर ती काम गरेका हुन् त? कदापि होइन।

निःसन्देह, यस संसारमा छोराछोरीहरू पाएपछि तिनीहरूको जगेर्ना गर्ने अभिभारा प्रत्येक आमाबाबुको हुन्छ। तर आमाबाबुले आफ्ना छोराछोरीहरूलाई जे गर्छन् त्यो उनीहरूप्रतिको मायाले नै अभिप्रेरित भएर गर्छन् भन्ने जवाफ सवभन्दा असल जवाफ हो भन्ने कुरामा कसैको दुईमत हुँदैन। तिनीहरू जे गर्छन् त्यो माया, ममता स्नेहकै कारणले गर्दछन्। त्यहि कारणले परमेश्वरको निम्ति हामी जे गर्छौं उहाँप्रति प्रेम जागेर नै गर्दछौं किनभने हामीलाई थाहा छ उहाँले पनि हामीलाई अति प्रेम गर्नुहुन्छ।

**येशूको प्रिय चेला यूहन्नाले यसरी आफ्नो भावना व्यक्त गर्दछन्: "प्रेममा डर हुँदैन, तर सिद्ध तथा परिपक्व प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्वन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो परिपक्व भएको हुँदैन। हामी प्रेम गर्दछौं, किनभने पहिले हामीलाई उहाँले प्रेम गर्नुभयो।" (१ यूहन्ना ४:१८,१९ रूपान्तरित)। यस पदको अर्थ के हो सो तपाईंले आफ्नै शव्दहरूमा व्याख्या गर्नुहोस्।**

परमेश्वरको प्रेमको जगमा नै हाम्रो प्रेम बसालिएको हुनुपर्दछ। परमेश्वरको अस्तित्व आदिअनादि कालदेखि छन्। हाम्रो अस्तित्व हामी जन्मनुभन्दा पहिले थिएन। हामीलाई सृष्टि गरेदेखि नै उहाँले हामीलाई अति प्रेम गर्नुभएको थियो। प्रेमकै कारणले नै प्रेम बहन्छ। परमेश्वरप्रति हाम्रो श्रद्धा र प्रेम बिना सुसमाचार प्रचार गर्ने महान् आह्वानको अर्थ छैन। त्यसैकारणले त गवाही दिने र प्रचार गर्ने कार्यक्रममा हामी आत्मिक रूपमा तयार हुनुपर्दछ।

हो, परमेश्वरप्रति हाम्रो अगाढ श्रद्धा र माया छ। उहाँको निम्ति मानिसहरूको मन उहाँतिर फर्काउन हामी चाहन्छौं। तर उहाँको बारेमा

आत्मज्ञान थाहा पाउनुमा नै उहाँप्रतिको प्रेम भर पर्छ। के हामीले नचिनेको मानिसलाई हामी माया गर्छौं त? उनीहरूप्रति हामी त्यस्तो सरोकार राख्दछौं त? त्यसकारण यदि परमेश्वरको आज्ञालाई हामी पालन गर्न चाहन्छौं भने त्यो उहाँप्रतिको प्रेम जागेर नै गर्नुपर्छ। येशूभक्तको जीवनमा यो अत्यन्त उल्लेखनीय गुण हो। त्यसकारण, परमेश्वरलाई व्यक्तिगत रूपमा चिन्नु अत्यन्त आवश्यक छ।

**परमेश्वरको प्रेम के हो, उहाँको आज्ञालाई हामी किन शिरोपर गर्दछौं र उहाँको महिमाको निम्ति हामी किन खट्न तयार हुन्छौं भन्ने थाहा पाउन देहायका केहि पदहरू पढ्नुहोस्: यहोशू २२:५, लूका ७:४१-४३, यूहन्ना १४:२३ र २ कोरन्थी ५:१२-१८।**

उचित क्रममा छ भने प्रेम र आज्ञाकारिता अलग गर्न सकिन्दैन। परमेश्वरप्रतिको सत्य प्रेमले उहाँको इच्छा पालन गर्न अग्रसर हुन्छ। तर केवल आज्ञालाई मात्र मान्छ भने त्यसले प्रेमतिर अग्रसर सधैं गराउँछ भन्ने छैन। (तर कहिलेकाहिँ गराउँछ पनि)। यदि येशूको निम्ति मानिसहरूलाई काममा अग्रसर गराउन हामी चाहन्छौं भने प्रथमतः तिनीहरूलाई उहाँसँगको सम्वन्धमा प्रेम सृजना गराउनुपर्दछ। मानिसहरूको हृदयमा येशूलाई प्रेम गर्ने वातावरण बनाउन हामीले सहायता गर्नुपर्दछ।

**तपाईंले जे गर्नुहुन्छ त्यो परमेश्वरप्रतिको प्रेमले कतिको परिचालित भएको छ? तपाईंले जे गर्नुहुन्छ त्यसले के तपाईंलाई उत्साहित बनाउँछ? तपाईंको जवाफले परमेश्वरप्रतिको सम्वन्धको बारेमा के भन्छ? यदि त्यस मनस्थिति वा मनसायमा परिवर्तन गर्नु आवश्यक छ भने कसरी गर्ने?**

## २. आफूमा भएको दोषलाई पखाल्न सुसमाचारको सेवाकार्य गरिन्दैन (रोमी ३:१९,२०)

आफ्नो दोषलाई लुकाउन वा सुनपानीले पखाल्न कतिपय मानिसहरू सयौं वर्षदेखि धार्मिक क्रियाकलापमा अग्रसरता देखाएको पाइन्छ। सुसमाचार प्रचार गर्ने जिम्मा हामी प्रत्येकलाई परमेश्वरले दिनुभएको छ भनेर प्रचारकहरूले हामीलाई कतिचोटि बुर्रुक बुर्रुक उचालेर प्रवचन दिएका हुन्छन्। परमेश्वर र चर्च हामीमा भरपर्छ भनेर तिनीहरूले हामीलाई जगाउन खोज्दछन्। यदि परमेश्वरले हामीलाई मुक्ति दिन कस्तो बलिदान दिनुभयो भने हामी परमेश्वरको काममा कसरी निस्क्रिय भएर बस्ने भनेर हाम्रो हृदयलाई खोतल्न खोज्दछन्।

त्यस्ता प्रवचनहरूले हामीलाई दोषी ठहराउन सक्दछन्। तर दोषी आत्माले प्रेरित भएर परमेश्वरको वचन प्रचार गर्न थाल्यौं भने, प्रचार गर्नु उचित भएतापनि त्यो गलत कारणले प्रचार गरिएको हुन्छ। त्यसले नकारात्मक रूप लिन सक्दछ, किनभने परमेश्वरले हामीलाई के गर्नुभयो सोलाई नसोची हामीले के गर्नुपर्छ भन्ने मनस्थितिमा हामीलाई ढकेल्छ। (शायद अतिबादको जड, यो पनि हुनसक्दछ-अनुवादकको जिज्ञासा।

**रोमी ३:९-२०मा पावलले सारा मानव हृदयको भण्डाफोर गरेको पाइन्छ। परमेश्वरको सामु सारा संसार दोषी भएर खडा भएको छ भनेर पावलले व्यक्त गरेको भावनाको अर्थ के हो? उनले के भन्न खोजेको हो?**

हामीले जे गर्छौं त्यसको जिम्मेवारी हामीले नै बोक्नुपर्छ भनेर पावलले हामीलाई "दोषी" भन्ने शव्द प्रयोग गरेर बुझाउन खोजेको पाउँछौं। "परमेश्वरको सामु कोहि पनि धर्मी छैन, अहँ कोहि पनि धर्मात्मा छु भनेर दावी गर्नसक्दैन" भनेर रोमी ३:१० (रूपान्तरित)मा पावलले भन्छन्। अनि पद १९मा व्यवस्थाले गर्दा नै सारा संसार कसरी दोषी भएको छ भनेर देखाउँदछ भनेर आफ्नो अघिल्लो भनाइलाई पावलले समर्थन गर्दछन्।

व्यवस्था अर्थात् दश आज्ञा ऐनाको काम गर्दछ। यसले हामीहरूको पापी स्वभावलाई देखाउँदछ। जसरी ऐनाले हामीहरूको अनुहारमा कस्तो दाग छ भनेर देखाउँछ, त्यसरी नै हामीहरूको जीवनमा कस्तो दाग छ भनेर औंल्याउँदछ। तर याद गर्नुहोस्, जसरी ऐनाले हामीलाई साबुन दिएर हाम्रो अनुहारको दाग हटाउन सक्दैन त्यसरी नै दश आज्ञाले हामीलाई साबुन र पानी दिएर हामीहरूको पापलाई धुन सक्दैन। परमेश्वरको ऐन वा व्यवस्था बिना पापलाई पाप देखिन्दैन। त्यसकारण उहाँको विधि वा व्यवस्थालाई हामी हेर्नसक्यौं भने हामी कतिको पापी रहेछौं भनेर आत्मज्ञान पाउँछौं। अनि त्यसले हामीलाई पापबाट मुक्त हुन मुक्तिदाताको आवश्यकतालाई औंल्याउँछ। येशूद्वारा नै हामीले पापबाट क्षमा पाउँछौं। उहाँले नै हाम्रो पाप धुनुहुन्छ। त्यो उहाँले हामीलाई सित्तैंमा दिनुहुन्छ, अर्थात् त्यो मुक्ति पाउन हामीले केहि मोलपनि चुकाउनुपर्दैन।

ख्रीष्टमा हामी आएपछि हामीहरूको मनस्थितिमा आमूल परिवर्तन हुन्छ। अब हामी हामीहरूको दोषले परिचालित भएर वा त्यसलाई लुकाउन धर्मात्माको पगरि लगाउँदैनौं। किनभने हामीहरूका सारा दोषहरूलाई येशूले पखाली दिनुहुन्छ। अनि उहाँले हामीहरूलाई हाम्रो

होइन, उहाँको धार्मिकताले छोपिदिन्छ। येशूको अगाडि सिद्ध र दोषरहित भएर उभिन्छौं। हो, हामी पापी छौं, त्यसलाई अश्विकार गर्दैनौं। तर येशूको बलीले गर्दा हाम्रा पापहरू क्षमा हुन्छ र हाम्रा दोष तथा कलङ्कहरू हटाइएका हुन्छन्। अहिले नै हामीले मुक्तिको आभास पाएको हुनाले उहाँप्रतिको प्रेमले भावबिभोर भएर नै अरूहरूको अगाडि हामी उहाँलाई उचाल्दछौं। ख्रीष्टले हामी सबैलाई के गर्नुभयो भन्ने सन्देश हामीहरूकै जीवनबाट गवाही दिन थाल्दछौं। यो कारणले प्रचार गर्ने बाहेक अरू कारण गलत हुनसक्दछ।

**"किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्दछन्, तर एउटै कुरामा मात्र चुक्यो भने व्यवस्थाका सबै कुराहरूमा त्यो दोषी ठहरिएको हुन्छ। किनकि जसले 'व्यभिचार नगर' भन्नुभयो, उहाँले 'हत्या नगर' पनि भन्नुभएको छ। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौं तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ। यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरू जस्ता होस्। किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाबिना नै हुन्छ। कृपा न्यायमाथि बिजयी हुन्छ।" (याकूब २:१०-१३ रूपान्तरित)। दश आज्ञाको व्यवस्था वा नितिनिर्देशनलाई औंल्याएर हामीलाई के निर्णायक आचारसहिंता लागु गरोस् भनेर याकूबले औंल्याइरहेको हामी पाउँछौं? नयाँ विश्वासीहरूलाई त्यसको व्याख्या तपाईंले कसरी गरिदिनुहुन्छ?**

हामीहरू पापी छौं भनेर केवल परमेश्वरको व्यवस्था वा दश आज्ञाले मात्र औंल्याउँछ भन्ने कुरामा दुईमत छैन। त्यो व्यवस्था मानव निर्मित वा समाजबाट विकसित भएर आएको नभएर परमेश्वरको आफ्नै हो। त्यसकारण यदि हामीले दश आज्ञा मध्ये एउटालाई मात्र टोड्यौं भने सबै दश आज्ञानै टोडेको हुन्छ र हामी दोषी मनस्थितिले पिरोलीरहेका हुन्छौं। यसले गर्दा व्यवस्था पालन गरि परमेश्वरबाट निगाहा वा क्षमा पाउन सम्भव देखिँदैन। व्यवस्था वा परमेश्वरको विधि अनुसार नचल्नुको अर्थ परमेश्वरको इच्छाको सट्टा आफ्नै इच्छा वा चाहनामा हिँडिरहेका हौं भनेर देखाउँदछ।

हामी मानवजात भएकोले गल्ती गर्दछौं। तर त्यस गल्तीले हामीलाई छोप्न दिइरहनुको सट्टा त्यसलाई येशूकहाँ ल्याउनुपर्दछ र उहाँको सिद्ध चरित्रलाई हामीले दावी गर्नुपर्दछ। उहाँको अनुग्रह र क्षमाको निम्ति उहाँमा समर्पित हुनुपर्दछ। तपाईं जतिसुकै अयोग्य भएतापनि त्यसको मतलब हुँदैन। आखिरमा हामीहरू कत्तिको अयोग्य

**छौं र भूलै भूलको सागरमा पौडि खेल्दछौं भन्ने कुरा हामीलाई भन्दा परमेश्वरलाई वढि थाहा छ। यदि हामीहरूको पापलाई पखाल्न परमेश्वरले आफ्नै अनुग्रहबाट मुक्तिको बरदान नदिएको भए के उहाँ हामीप्रति ऋणी भएर उहाँले हामीलाई मुक्ति दिनुहुन्छ त? (रोमी ४:१-४ पढ्नुहोस्)। के सारा जगतका सृष्टिकर्ता तपाईंप्रति कुनै कुरामा ऋणी हुनुपर्दछ र?**

## ३. सेवा गर्न तत्पर (यूहन्ना १५:१३)

परमेश्वरको निम्ति केहि गर्न चाहन्छु भनेर उत्सुकता देखाउने बानी कसैको छ तर त्यसले केहि गर्दैन भने त्यस्तो मानिसलाई तपाईंले के भन्ने? कोहि मानिसले भन्छ र, "म हृदयदेखि परमेश्वरलाई प्रेम गर्छु, उहाँलाई मैले जीवन समर्पण गरेको छु" तर त्यो समर्पण देखाउन परमेश्वरको निम्ति कुनै पनि काम गर्दैन वा काम गर्न जाँगर देखाउँदैन भने त्यस समर्पणताको अर्थ केहि हुन्छ र? परमेश्वरप्रतिको प्रेमले गर्दा नै हामीले उहाँको निम्ति कडा परिश्रम गर्न इच्छा गर्छौं भनेर हामीले अगाडि औंल्याइसकेका छौं। तर परमेश्वरलाई प्रेम गर्छौं र उहाँलाई मान्छौं त भन्छौं तर त्यस प्रेम वा परमेश्वरप्रतिको श्रद्धाले परिचालित भएर केहि पनि गर्दैनौं भने मुखले बकबकाएको प्रेमको अर्थ के नै हुन्छ र? चाहे परमेश्वरमा होस् वा परिवारमै नै किन नहोस् प्रेम सक्रिय शव्द हो। प्रेमको कामद्वारा नै हामी प्रेम देखाउँदछौं।

**येशूले भन्नुभयो, "आफ्ना मित्रहरूको निम्ति आफ्नो प्राण अर्पण गर्नु जस्तो ठूलो प्रेम अरू कसैको हुँदैन।" (यूहन्ना १५:१३)। यहि सन्दर्भमा रोमी ५:६-८ पनि पढ्नुहोस्। येशूको ती वचन (साथै यूहन्ना १५:९-१७) र उहाँको आफ्नै क्रियाकलापले हामीप्रति उहाँको प्रेमलाई कसरी प्रदर्शित गरिएको छ भनेर देखाइएको छ। येशूको त्यस निति अनुसार हामी कसरी चल्ने?**

मुक्तिदाता येशू कस्तो महान् र उदेकिलो हुनुहुन्छ। हामीलाई अति प्रेम गर्नु भएकै कारणले आफ्नो परमेश्वरश्वरीय अधिकारलाई नै जोखिममा पारेर उहाँले आफ्नो जीवन पूर्णरूपमा हाम्रो निम्ति त्याग्नुभयो। प्रेमको परिपक्व, सिद्ध र अनुकरणीय उदाहरण येशू नै हुनुहुन्छ। प्रेमले नै परिचालित भएको कारणले प्रेम गर्नुहुनेको उद्धारको निम्ति आफ्नो जीवन दिनुभयो। येशूले केवल माया, ममता, करुणा तथा प्रेमको भाषण छाँटेर स्वर्गमै बसिरहनुभएको भए के हुन्थे होला? मानव जगतलाई वा उहाँका भक्तहरूलाई प्रेम गर्छु भनेर घोषणाचाहिँ गर्ने तर

हामीलाई कुनै प्रतिज्ञाहरू नदिने वा हाम्रो निम्ति केहि नगर्ने उहाँ परमेश्वर हुनुभए त्यस प्रेमको औचित्य के छ र?

**यूहन्ना १४:२१मा येशूले आफ्नो दिव्य वाणी यसरी दिनुभएको छः "मलाई प्रेम गर्ने त्यहि हो जोसँग मेरा आज्ञाहरू छन् र ती पालन गर्दछन्। अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ। म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु।" प्रेम कसरी सक्रिय हुन्छ भनेर येशू र हामीले गर्ने कामबाट प्रकट हुन्छ। यसबाट सच्चा प्रेमको परिभाषा तपाईंले कसरी बुझ्नुहुन्छ?**

हामीले यहाँ केवल प्रेमको बारेमा चर्चा मात्र गरिरहेका छैनौं। एक आपसमा हुनुपर्ने प्रेमिलो सम्वन्धको बारेमा हामी छलफल गरिहरेकाछौं। हामीले मनपर्ने कुनै व्यक्तिलाई खुशी पार्न चाहन्छौं भने त्योसँगको सम्वन्धमा पहिला प्रेम वा स्नेह हुनुपर्दछ। परमेश्वरसँग सम्वन्ध तोड्ने पापीहरूको उद्धार गर्न जुन कदम येशूले चाल्नुभयो त्यो तिनीहरूप्रति प्रेमकै कारणले भएको थियो। हामीबाट अपेक्षा गरिएको कुनै काम परमेश्वरको निम्ति हामीले केहि गरेनौं भने उहाँप्रतिको हाम्रो भक्तिको अर्थ के हुन्छ होला? परमेश्वरसँगको प्रेमिलो र आत्मिक सम्वन्ध हामीले राम्ररी बुझेका छैनौं रहेछ भनेर हाम्रो त्यस निष्क्रिय जीवनले बताउँदछ। परमेश्वरप्रति ऋणी भएर उहाँको निम्ति जोशले काम गरेको, गवाही दिएको वा सुसमाचार प्रचार गरेको उहाँ चाहनुहुन्न। बरू हामीहरूको उहाँप्रति यस्तो गहिरो प्रेम सम्वन्ध हुनुपर्दछ कि हामी जे गर्छौं उहाँलाई खुशी पार्न गर्दछौं। उहाँ प्रशन्न हुने काममा मात्र हापी संलघ्न हुन्छौं। उहाँलाई हामीले यस्तो गरि प्रेम गरेको उहाँ चाहनुहुन्छ कि उहाँले प्रेम गर्नुहुनेहरूलाई हाम्रा प्रेमी हृदयका हातहरू फैलाऔं। अर्थात् परमेश्वरले प्रेम गर्नुभएको मानव जगतलाई प्रेम गर्नु नै उहाँलाई प्रेम गर्नु हो।

**उचित नियतले परमेश्वरको निम्ति हामी काम गरौं भनेर हामी कसरी यकिन हुने? हामीहरूले गलत कारणले कामहरू गरेतापनि अरूको निम्ति हामी के आशिषमय हुनसक्दछौं त? यदि हुन्छ भने कसरी? गलत नियत वा कारणले गरेको ठिक काम के असल काम हुनसक्छ र? यसबारे चिन्तन गर्नुहोस् र विश्वासीहरूसँग छलफल गर्नुहोस्।**

## ४. परमेश्वरको इच्छा अनुसार काम गर्नुको सट्टा परम्परादेखि चलिआएको रितिथितिको धरापमा पर्नु (रोमी १०:१-४)

अङ्ग्रेजी भाषामा एउटा उखान छ, "सित्तैंमा केहि पनि खाना खान पाउँदैन।" यसको अर्थ तपाईंले कुनै कुरा सित्तैंमा पाएँ भनेर फुल्नु बेकार हो, किनभने जहाँभएपनि, जहिले भएपति वा जसरी भएपनि त्यसको मोल तपाईंले तिर्नुपर्छ। सित्तैंमा केहि पनि पाउँदैन भन्ने मनस्थिति इसाई सोचमा पनि आक्रमण गरेको पाउँछौं। परमेश्वरले बरदानको रूपमा दिनुभएको मुक्ति कतिपय इसाईहरूले उहाँको इच्छा पालन गरेर पाउन कोशिष गरेको पाउँछौं।

परमेश्वरका आज्ञाहरू वा विधिविधानहरू पालन गरे उहाँको सामु धर्मी ठहरिन्छ भन्ने विश्वासलाई लिगालिजम् अर्थात् परम्परावादी भनिन्छ। परमेश्वरको अनुग्रहले आज्ञा पालन गर्न उहाँले रोक्नु हुन्न। तर मुक्ति भनेको केवल उहाँको अनुग्रहले मात्र पाउँछौं, अरू कुनै उपायद्वारा होइन!

**इसाईहरूबीचपनि मुक्तिको बारेमा गलत धारणा रहेको हामी पाउँछौं। त्यो धारणा कस्तो छ भनेर पावलले स्पष्टरूपमा देहायका पदहरूमा उल्लेख गरेका छन्, हेर्नुहोस्ः रोमी १०:१-४, रोमी ११:५,६ र गलाती २:१६। त्यस्तै खालको मनस्थितिको धरापमा हामी पनि सजिलैसँग कसरी पर्न सक्दछौं? त्यो मनस्थिति मान्न हामीलाई किन सजिलो हुन्छ?**

परमेश्वरको प्रेम र अरू मानिसप्रति हुनुपर्ने स्वच्छ बिचार भन्दा परम्परा वा रुढीवादी धर्मलाई पालन गर्नु भनेको आफ्नै प्रयासले आफू राम्रो हुन खोज्नु हो। यसको अर्थ दानधर्म आदि गरेर मोक्ष पाउन खोज्नु हो। अरूले कत्तिको राम्रो गर्छ त्यो भन्दा राम्रो गर्ने अभिमानमा त्यसले ढकेल्छ। यस्तो मनस्थितिले मानिसलाई अहंकार वा अतिवादी हुनुमा अग्रसर गराउँछ। मुक्ति पाउन आफू पवित्र वा साधु छु भन्ने घमण्डले यस्ता मानिसहरू फुल्दछन्। परमेश्वरले उपलव्ध गराउनुभएको सिद्ध वा असल जीवनबाट आफू कति टाडा रहेछु भनेर निराशाको खाल्डोमा रुढिवादी मनस्थितिले खसाल्नसक्दछ। यस्ता खालका धरापहरूलाई हामीले पन्छाउनुपर्दछ। विशेष गरेर हाम्रो चर्च जसले परमेश्वरको आज्ञा पालन गर्ने शिक्षालाई धेरै महत्त्वपूर्ण विश्वासको रूपमा लिइन्छ।ञ

**मुक्ति भनेको विश्वासबाट मात्रै पाउँछ भनेर येशूले यूहन्ना ६:२८, २९मा यसरी भन्नुभएको छः "तिनीहरूले उहाँलाई सोधे, 'परमेश्वरले**

**चाहनुभएको काम गर्नलाई हामीले के गर्नुपर्छ?' येशूले तिनीहरूलाई भन्नेभयो, 'परमेश्वरको काम यहि होः जसलाई उहाँले पठाउनुभयो उसमाथी विश्वास गर।'" "जसलाई उहाँले पठाउनुभयो" भन्नुको अर्थ के हो? हाम्रो जीवनबाट त्यस विश्वासलाई कसरी देखाउने? विशेष गरेर अरू कसैले नहेरिरहेको बेलामा त्यो विश्वास तपाईंले कसरी देखाउने?**

## ५. सेवक हुन स्वतन्त्रता (फिलिप्पी १:१)

हामी एक फेरा पापका दास थियौं भनेर बाइबलले स्पष्टरूपमा व्याख्या गर्दछ। तर ख्रीष्टद्वारा त्यस पापबाट हामी फुट्किएकाछौं (गलाती ५:१), हामीलाई उहाँले आफ्नै छोराछोरी बनाउनुभएको छ (रोमी ८:१५), र अहिले नै हामी पुनर्जीवन पाएकाछौं (१ पत्रुस १:२३)। (हामी स्वतन्त्र भएको हुनाले अब हामी शीर ठाडो पारेर हिंड्ने हक परमेश्वरले दिनुभएको छ)।

जो मानिस आफ्ना बिगतलाई परमेश्वरमा सुम्पन्छ, उहाँको कामको निम्ति पाउने वर्तमान शक्तिलाई स्विकार गर्दछ र भविष्यलाई उहाँकै हातमा राखिदिन्छ त्यस मानिस परमेश्वरको निम्ति असल सेवक वा भक्त भनेर गनिन्छ। अर्थात् ख्रीष्टले पापबाट स्वतन्त्र बनाउनु भएका मानिसहरू अब उहाँका सेवकहरू हुन सक्षम् हुन्छन्। यदि यो सत्यलाई हामीले बुझ्न सकेनौं भने स्वतन्त्र हुनुभनेको त अरूको दास वा सेवक हुन जानु पो रहेछ, भन्ने कुरालाई अनौठो देखिन्छ। तर त्यो सत्यलाई यी भनाइसँग यसरी मेल खान्छः "यदि आत्मिकरूपमा हामी भरपूर्ण हुन चाहन्छौं भने हामीहरू निरन्तररूपमा खालिभइरहनुपर्दछ," र "बिजयीको पथमा लम्किन निरन्तररूपमा हामी आत्मसमर्पण गरिरहनुपर्दछ।"

**आफूहरू परमेश्वर र येशूका दास वा सेवक भनेर पावल, तिमोथी, याकूब र साइमन पत्रुसले सम्वोधन गरेको अर्थ के हुन्? हेर्नुहोस्ः फिलिप्पी १:१, याकूब १:१ र २ पत्रुस १:१। त्यस भावनालाई हामीले पनि आत्मसात् गर्न हामीले कस्तो आत्मज्ञानको आवश्यता छ?**

विश्वको समाजमा दास भनेको त्यो व्यक्ति हो जो मालिकको बसमा रहेर जबरजस्ती काम गर्नुपरेको हुन्छ किनभने त्यसलाई उक्त मालिकले किनेको हुन्छ र जसले गर्दा दास मालिकको सम्पत्ती हुनजान्छ। तर ख्रीष्टमा यो कुरा लागु हुँदैन। इसाई भावना अनुसार येशूको निम्ति काम गर्नुभनेको पूरा रूपमा स्वआत्मनिर्णयको परिणाम हो। येशूको निम्ति स्वयंसेवक हुने काम कसैको करले भएको हुँदैन।

हामीहरूको आत्मनिर्णयको स्वतन्त्र अधिकारलाई परमेश्वरले जबरजस्ती मास्नुहुन्न, किनभने उहाँले हामीलाई अतिनै प्यार गर्नुहुन्छ। जब पावल, तिमोथी, याकूब र साइमन पत्रुसले त्यस दास वा सेवक भन्ने शव्द प्रयोग गरेका थिए त्यसको अर्थ आफूहरू स्वइच्छाले नै उहाँको कामको निम्ति ख्रीष्टका दास वा सेवक भएका हौं भनेर देखाइएको थियो। ख्रीष्ट येशू तिनीहरूको स्वामी भएको हुनाले उहाँको सेवाको निम्ति आफूहरू पूर्णरूपमा उहाँलाई सुम्पिएको कुरा तिनीहरूले घोषणा गरेका थिए। तिनीहरूले आफ्नो भाउलाई त्यागेका थिए, आफ्नो अभिमान र आफ्नो प्राथमिकतालाई तिनीहरूले येशूको निम्ति लत्याइदिएका थिए। अब तिनीहरूको दृष्टि न त आफू न त कसैमाथि नराखी केवल येशूतिरमात्र राख्न राजी भएका थिए। ख्रीष्टका विश्वासी भक्तहरूले उहाँप्रति बफादारी र भक्तिभाव देखाउन निश्वार्थी रूपमा सेवा गरिरहेको चित्रण त्यस दास वा सेवकले देखाउँदछ।

**पापको दास र त्यसबाट मुक्ति पाउनु भनेको के हो भनेर यूहन्ना ८:३४-३६मा येशूले यसरी भन्नुभएको छः "साच्चीनै म तिमीहरूलाई भन्दछु, पाप गर्ने प्रत्येक व्यक्ति पापको कमारो हुन्छ। कमारो सधैंभरि आफ्नो घरमा रहिरहन्दैन, तर पुत्रचाहिँ सधैंभरि रहिरहन्छ। यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र बनायौ भने तिमीहरू निश्चयनै स्वतन्त्र हुनेछौ।" (रूपान्तरित)।**

दास वा कमैयाहरू कुनै रूपमा सुरक्षित छैन भनेर येशूका श्रोताहरूलाई थाहा थियो। मालिकको इच्छा अनुसार दासलाई जे पनि गर्न सकिन्थ्यो, उसलाई बेचिन पनि सकिन्थ्यो। तर मालिकको छोरा आफ्नो घरमा सुरक्षित रहेको हुन्छ। यहाँ दास वा कमैयाको उदाहरण दिनुभएर येशूले अत्यन्त महत्त्वपूर्ण आत्मिक सत्यलाई सिकाउन खोज्नुभएको थियो। यदि परमेश्वरको पुत्रले तपाईंलाई आत्मिक रूपमा पापको दासबाट स्वतन्त्र गरिदिनुभएको छ भने तपाईं साँच्चिकै स्वतन्त्र हुनुभएको महशूस गर्नुपर्दछ। स्वतन्त्र भएका दासहरू फेरि दासै हुन फर्कनु असमान्य कुरो हो। तर पापको दासबाट स्वतन्त्र भएर ख्रीष्टको अधिनमा रहनुभनेको त्यहि असमान्य कुरालाई मान्नु हो (रोमी ६:१७,१८)। यदि हामीहरूको दृष्टि हामीहरूकै परमस्वार्थतिर लगाउनबाट स्वतन्त्र हुनसक्यौं भने अरूको निम्ति सोच्न स्वतन्त्र हुन्छौं र उनीहरूलाई सहायता गर्न हरदम तत्पर हुन्छौं। सेवा अर्थात् परोपकारी जीवनको मूख्य साँचो नै आफ्नो हितभन्दा अरूको हितलाई सर्वोपरि ठान्नु हो।

**उपसंहार:**

**थप जानकारी: ठिक मार्गमा लागिरहनु**

यदि कुनै यातायात साधनलाई राम्रोसँग हेरचाह गरिएन भने त्यो साधन जहिले पनि बिग्रन सक्छ। त्यसरी नै राम्रोसँग वास्ता नगरिएका वा हेरचाह नभएका असल र प्रसंशनीय चर्चका सेवाकार्यहरू पनि बिग्रन्दै जानसक्छ।

तपाईंको सेवाकार्यलाई स्वस्थ राख्न देहायका केहि सुझावहरूलाई मनमा राख्नुहोस्:

**१. परमेश्वरसँग व्यक्तिगत सम्वन्ध जारी राख्नुहोस्।** तपाईं एकल होइन तर परमेश्वरसँग मिलोमत्तो गरेर सेवा गरिरहनुभएको छ भन्ने कुरालाई बराबर सम्झनुहोस्।

**२. परमेश्वरको सेवाको निम्ति तपाईंले देख्नुभएको व्यक्तिगत सपनालाई आत्मसात् गरिराख्नुहोस्।** के तपाईंको सेवाकार्य अर्थमूलक भएको छ भनेर ठानीरहनुभएको छ? अर्थात् तपाईंको सेवाकार्य कत्तिको मूल्यवान छ भनेर सोच्नुभएको छ? उहाँको सेवा गर्न सुरू गर्नुहुँदा भन्दा अहले के तपाईंको लक्ष्यहरू अझ स्पष्ट र अटल वा मजबुत भएका छन्?

**३. आफ्नो संवादलाई खुला राख्नुहोस्।** यदि तपाईंले कसैको समर्थन प्राप्त गर्न चाहनुहुन्छ भने नियमित रूपमा तपाईंको कामको बारेमा सूचीत गरिरहनुपर्दछ। मानिसहरू व्यस्त छन्। तपाईंको सेवाकार्य कसरी चलिरहेको छ भनेर तिनीहरूलाई सम्झाइरहनुपर्दछ। फेरि विश्वासीहरू तपाईंको सेवाकार्यमा कसरी संलघ्न हुनसक्छन् भनेर जनाउ दिइरहनुपर्दछ।

**४. तपाईंको जोश र जाँगरलाई मजबुत बनाउँदै जानुहोस्।** "जोशले जस्तो अरू कसैले पनि उत्साहलाई फैलाउन सक्दैन" भन्ने भनाइ जहिले पनि सत्य सावित भइरहेको छ। परिस्थितिको माथले होइन परमेश्वरप्रतिको प्रेमले उहाँको सेवा गर्न तपाईंमा जोश र जाँगर छ भनेर देखाइरहन कहिले पनि नहिचिकिचाउनुहोस्। तपाईंको आगोमा अरूले पनि ताप्न वा दाउरा हाल्न उत्सुक हुनेछ।

**५. तपाईंको लक्षित नजरलाई नधलमिलन नदिनुहोस्।** तपाईंको अरू काम, कर्तव्य, अभिभारा, कार्यक्रम र आँकाक्षाहरू हुन्छन्। तर तपाईंले गरिरहनुभएको वर्तमान सेवाकार्यलाई निरन्तरता जारी राख्न, सफलतातिर लम्काउन र बढाउन समय र जाँगरको आवश्यकता

भइरहेको हुन्छ। तपाईंलाई उचाल्ने कुनै व्यक्तिगत परिस्थितिले पनि त्यस पुनित कार्यलाई बाधा नदिओस्।

**चिन्तनमनन:**

अ. यस अध्यायको तेश्रो बुँदाको अन्तिम प्रश्नको बारेमा फेरि बिचारबिमर्स गर्नुहोस्।

आ. परमेश्वरसँग गरिने गहिरो प्रेम सम्वन्ध र त्यसको नतिजाले उहाँको सेवा गर्न तत्परता कसरी देखाइन्छ भनेर देहायको आत्मज्ञानले हामीलाई देखाउँदछ। "चनाखो भएर वस्ने इसाई वा प्रत्येक येशूभक्त सक्रिय इसाई वा येशूभक्त हुन्छ। सुसमाचारलाई बढाउन वा फैलाउन उसले आफ्नो भएभरको शक्तिलाई कडाईका साथ प्रयोग गरिरहेको हुन्छ। जब मुक्तिदाताप्रति उसको प्रेम अगाढ वा गहिरो हुँदै जान्छ तब उसका मित्रजनहरूलाई देखाउने प्रेम पनि बढ्दै जान्छ।"-एलेन जी ह्वाइट, <u>द आक्टस् अभ आपोस्टलस्स</u>, पृ. २६१बाट रूपान्तरित।

इ. "मानिसको हृदय जित्ने येशूको प्रेम कहिलै पनि नचाखेको व्यक्तिले अरूलाई जीवनको श्रोत येशूकहाँ कहिलै पनि अगुवाइ गर्न सक्दैन। मानिसहरूकोबीच उहाँको बारेमा कुरा गर्न र आफ्नो आत्मपरिवर्तित आचारणको छाप तिनीहरूलाई देखाउने उर्जा नै येशूको प्रेमले परिचालित हृदय हो। येशूभक्तहरू जसले ख्रीष्टको काममा सफल पाउन चाहन्छन्, तिनीहरूले उहाँलाई व्यक्तिगत रूपमा चिन्नुको बिकल्प छैन। अर्थात् ख्रीष्टलाई चिन्नै पर्छ। उहाँलाई चिन्न उहाँको प्रेमलाई थाहा पाउनैपर्छ।- एलेन जी ह्वाइट, <u>द आक्टस् अभ आपोस्टलस्स</u>, पृ. ५५०, ५५१बाट रूपान्तरित। तपाईंको जीवनमा अनुभव गर्नुभएको परमेश्वरको प्रेम र त्यस प्रेमलाई तपाईंले कसरी थाहा पाउनुभयो भन्ने कुरा विश्वासीहरूलाई बाँड्नुहोस्।